गण्डकी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
दर्ता नं. ०५
दर्ता मिति २०८२।०४।०५

०८२/८३
पत्र संख्या :
चलानी नं.: १

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखरा, नेपाल

मिति: २०८२।०४।०१

विषय: आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

श्रीमान् प्रदेश सचिवज्यू,
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
गण्डकी प्रदेश।

गण्डकी प्रदेश सभाबाट गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ पारित भई प्रमाणीकरण भइसकेको बेहोरा अवगत गराउँदै आर्थिक वर्ष २०८२/८३ का लागि तहाँ मन्त्रालय/सचिवालय/ आयोग र अन्तर्गत कार्यालय/निकायमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पुरा हुनेछ भन्ने विश्वास लिएको छु। समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिका लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न गण्डकी प्रदेश विनियोजन ऐन, २०८२, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१, गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ लगायत प्रचलित कानूनी व्यवस्था अनिवार्य रूपमा परिपालन गर्न/गराउन गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (६) बमोजिम प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन तहाँ मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालयमा प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिमको व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System- PLMBIS) मा समावेश भएको आयोजना तथा कार्यक्रम नै गण्डकी प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी भएकोले सो बमोजिम प्रदेश

प्रदेश सचिव

प्रशासन तथा अनुगमन मूल्याङ्कन महाशाखा
वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा
फोन नं.: ०६१-४५७६९६, ४५७६९७
बजेट तथा कार्यक्रम महाशाखा
Website:- mof.gandaki.gov.np, E-mail: mof@gandaki.gov.np, moeap.gandaki@gmail.com

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या :
चलानी नं.:

लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई बजेट निकासा गर्नेछ।

२. आर्थिक वर्ष २०८२/८३ को लागि स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति नलिई विनियोजित रकम भन्दा बढी दायित्व सृजना गर्नुहुने छैन। विनियोजित बजेट भन्दा बढी दायित्व सृजना हुने गरी कार्यक्रम कार्यान्वयन गरेमा त्यसरी सृजना भएको दायित्व भुक्तानीप्रति सम्बन्धित लेखा उत्तरदायी अधिकृत नै जिम्मेवार हुनुपर्नेछ। त्यसरी सृजित दायित्व बापतको रकम आर्थिक मामिला मन्त्रालयबाट निकासा हुने छैन। साथै, सो सम्बन्धमा गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) अवगत गर्ने, गराउने।

३. गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन भएको कुनै आयोजना तथा कार्यक्रम गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ८ बमोजिम नेपाल सरकारको कुनै निकाय वा स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा वा प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय वा निकायको स्वीकृत बार्षिक कार्यक्रम अर्को मन्त्रालय वा निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा लेखी पठाउने।

४. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (३) बमोजिम आर्थिक मामिला मन्त्रालयमा पठाउने।

५. स्वीकृत कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तहमाथिको कार्यालय प्रमुखको स्वीकृति लिने व्यवस्था मिलाउने। अधिकृतस्तर एघारौं तह वा सो सरहको कर्मचारी कार्यालय प्रमुख भएको निकायमा त्रैमासिक विभाजनलाई संशोधन गर्न सक्ने भएकाले सोही अनुसार गर्ने।

६. प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने संघ/संस्था वा निकायले आम्दानी/खर्चको विवरणसहितको प्रतिवेदन तहाँ मन्त्रालय/निकायमा पेश गर्ने व्यवस्था मिलाई सार्वजनिक गर्ने।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या :
चलानी नं.:

७. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुंजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला मन्त्रालयबाट कार्यक्रम बाँडफाँटको स्वीकृति लिई कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित खर्च शीर्षकबाट मात्रै खर्च गर्ने।

८. स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/कार्यक्रम/क्रियाकलापको नाम वा उद्देश्य एउटै भई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दोहोरो प्रविष्टी भएकोमा कुनै एउटा मात्र आयोजना/कार्यक्रम/क्रियाकलाप कार्यान्वयनका लागि छनोट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी असोज मसान्त भित्र आर्थिक मामिला मन्त्रालयमा बजेट समर्पण गर्ने,

९. स्वीकृत कार्यक्रम भित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद नगर्ने/ नगराउने,

१०. स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम सम्वत् २०८२ चैत्र मसान्त भित्र अनिवार्य रुपमा समर्पण गराउने,

**(ख) नेपाल सरकारबाट प्राप्त सशर्त, विशेष र समपूरक अनुदान कार्यान्वयन सम्बन्धमा**

११. नेपाल सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको रुपमा प्राप्त आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने। त्यस्तो अनुदानमा सञ्चालित आयोजना तथा कार्यक्रमको छुट्टै प्रगति प्रतिवेदन पेश गर्ने।

१२. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रममा रकमान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी व्यवस्था नेपाल सरकारको विनियोजन ऐन, २०८२ बमोजिम गर्ने।

१३. नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमहरू देहाय बमोजिम कार्यान्वयन गर्ने, गराउनेः-

क. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा सशर्त अनुदानको रूपमा नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजनाबाटअर्को आयोजनामा कार्यक्रमको क्षेत्र र उद्देश्यमा फरक नपर्ने गरी रकमान्तर तथा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा प्रदेशको विषयगत मन्त्रालयको अनुरोधमा संघीय

विषयगत मन्त्रालयले LMBIS मा थपघट गर्न सक्ने व्यवस्था भएको र यसरी रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा क्षेत्रगत रुपमा विनियोजित रकम कुल क्षेत्रगत बजेट सीममा फरक नपर्ने गरी आवश्यकता र औचित्यका आधारमा रकमान्तर तथा कार्यक्रम संशोधनन गर्नु पर्ने। (जस्तैः सिँचाई क्षेत्रको भए सिँचाईमा, सडक क्षेत्रको भए सडकमा, खानेपानी क्षेत्रको भए खानेपानीमा)

ख. आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमाको क्रममा केही कार्यक्रममा एकमुष्ट वित्तीय हस्तान्तरण भएकोमा नेपाल सरकारको विषयगत मन्त्रालयले कुनै मापदण्ड वा कार्यविधिबाट सशर्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भनी तोकिएकोमा सोही बमोजिम गर्ने र मापदण्ड वा कार्यविधि नभएको खण्डमा आर्थिक मामिला मन्त्रालयले सो एकमुष्ट कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयको सहमतिमा संवत् २०८२ साल पुस मसान्तभित्र बाँडफाँट गरी रकमान्तर गर्न सक्ने, सो समयावधिभित्र बाँडफाँट नभएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्ने भएकोले सो बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्ने।

ग. माथी बुँदा (क) र (ख) बमोजिमको सशर्त अनुदानतर्फको आयोजना वा कार्यक्रममा रकमान्तर वा कार्यक्रम संशोधनको लागि तहाँ मन्त्रालयबाट नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मार्फत प्रविष्टि गरी नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति/स्वीकृति सहित आर्थिक मामिला मन्त्रालयमा जानकारी दिने। सो को प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टी गरी रकमान्तर अद्यावधिक गर्नको लागि तहाँ मन्त्रालयको निर्णय सहित आर्थिक मामिला मन्त्रालयमा लेखि पठाउने।

घ. विशेष अनुदान र समपूरक अनुदानमा आधारित आयोजना तथा कार्यक्रमका हकमा बजेट कार्यान्वयनका लागि बाँडफाँट गर्नु पर्ने भएमा राष्ट्रिय योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले कार्यक्रमको क्षेत्र तथा उद्देश्यमा प्रतिकूल नहुने गरी रकमान्तर वा अख्तियारी संशोधन गर्न वा प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयलाई सहमति प्रदान गर्न सक्ने व्यवस्था बमोजिमको सिफारिस/सहमति/स्वीकृति सहित आर्थिक मामिला मन्त्रालयमा जानकारी दिनुहुनेछ। सोको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी बाँडफाँट/रकमान्तर/अख्तियारी अद्यावधिकको लागि तहाँ मन्त्रालयको निर्णय सहित आर्थिक मामिला मन्त्रालयमा लेखि पठाउने।

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या :
चलानी नं.:

(ग) खर्चमा मितव्ययिता अपनाउने सम्बन्धमा:

१४. प्रदेश सरकारलाई थप आर्थिक दायित्व सृजना हुने जुनसुकै विषयमा निर्णय गर्दा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने।

१५. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई स्वीकृत खर्चको मापदण्ड अनुसार सार्वजनिक कोषको सदुपयोग तथा प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्ने।

१६. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा मात्र अधिकतम मितव्ययी हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने।

१७. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०८१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१८. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामग्री खरिद नगरी मौजुदा सामग्रीको मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्बन गर्नुपर्ने।

१९. कार्यालय प्रयोजनका लागि सकेसम्म सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नु पर्नेछ। घर भडामा लिनुपर्दा न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्नेछ।

२०. अत्यावश्यक भई सवारी साधन खरिद गर्नुपर्ने भएमा अनिवार्य रुपमा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

२१. आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरवन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरवन्दी थप नगर्ने, नयाँ संगठन स्थापना नगर्ने व्यवस्था मिलाउने ।

नि. प्रदेश सचिव

प्रशासन तथा अनुगमन मूल्याङ्कन महाशाखा
वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा
फोन नं.: ०६१-४५७६९६, ४५७६९७
बजेट तथा कार्यक्रम महाशाखा
Website:- mof.gandaki.gov.np, E-mail: mof@gandaki.gov.np, moeap.gandaki@gmail.com

२२. सेवा करारमा कर्मचारी लिँदा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ लगायतका प्रचलित कानुनको पूर्ण पालना गर्नु गराउनु पर्ने।

२३. कार्यालय सञ्चालनका लागि घर भाडा, अतिरिक्त समयको खाना तथा खाजा भत्ता, पाँच लाखभन्दा बढी लागत अनुमान भएका सफ्टवेयर खरिद तथा निर्माण, कानूनमा व्यवस्था भए बाहेकका अन्य भत्ता तथा थप आर्थिक दायित्व सृजना हुने विषयमा निर्णय गर्दा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिनु पर्ने।

२४. बेरुजु फस्यौंट कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ। बेरुजु फस्यौंटको कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गर्ने, गराउने र सोका लागि करारमा थप जनशक्ति लिन नहुने।

२५. नगद कारोबार गर्दा हुनसक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रुपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणाली मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउने। पारिश्रमिक, भत्ता, औषधि उपचार, लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खातामा विद्युतीय प्रणाली मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउने,

२६. बाह्य निकाय/ संस्था वा व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृतिलाई निरुत्साहित गरी संगठनमा उपलब्ध जनशक्तिको अधिकतमा उपयोग गर्ने।

**(घ) रकमान्तर/खर्च गर्ने अख्तियारी सम्बन्धमा :**

२७. आर्थिक मामिला मन्त्रालयबाट स्रोत सहमति प्राप्त भएका आयोजना तथा कार्यक्रम बाहेकका अन्य आयोजना तथा कार्यक्रममा रकमान्तर तथा थप बजेट माग नगर्ने।

२८. अनिवार्य दायित्वका तलव, पारिश्रमिक, भत्ता, पोशाक, पानी तथा बिजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडा लगायतका खर्च शीर्षकमा विनियोजित रकम अन्यत्र रकमान्तर गर्न पाइने छैन। सम्बन्धित निकायबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव, भत्ता बापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ। पारिश्रमिक, भत्ता, पोशाक, खाद्यन्न, पानी तथा बिजुली, सञ्चार महशुल र भरभाडामा आगामि वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्ने/गराउने।

नि. प्रदेश सचिव

२९. पुँजीगत खर्च शीर्षकमा विनियोजन गरिएको रकम चालु खर्चतर्फका शीर्षकमा रकमान्तर नगर्ने।

३०. गण्डकी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै बहुवर्षीय वा स्रोत सुनिश्चित गरिएका आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय वा स्रोत सुनिश्चित गरिएका आयोजनामा र समपूरक अनुदान तर्फको आयोजनामा विनियोजन भएको रकम अन्य समपूरक अनुदान तर्फको आयोजनामा बाहेक अन्यत्र रकमान्तर प्रस्ताव नगर्ने। यसरी रकमान्तरका लागि पेश गर्दा स्रोत सुनिश्चित रहेको र बहुवर्षीय योजनाको म्याद अवधि बाँकी रहेको योजनाको लागि मात्र पेश गर्नु पर्ने।

३१. शुरु विनियोजन नभएको खर्च शीर्षक, नयाँ क्रियाकलाप तथा आर्थिक वर्षको प्रथम त्रैमाशिक अविधिमा रकमान्तर/ रकमान्तर प्रस्ताव नगर्ने।

३२. रकमान्तर प्रस्ताव गर्दा PLMBIS मा प्रविष्टि गरी आर्थिक मामिला मन्त्रालयले निर्दिष्ट गरेको ढाँचा (संशोधन प्रतिवेदन नं ३०५) मा तहाँ मन्त्रालय/निकायको निर्णय सहित रकमान्तर माग गर्नुपर्ने।

३३. कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनः अन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्था मिलाउनु हुनेछ। साथै, कुनै पनि पुँजीगत तर्फको क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भए पछि पुनः सोही क्रियाकलापमा थप बजेट व्यवस्थापन (थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) हुने छैन।

३४. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ६ को उपदफा (१) बमोजिम कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्नु परेमा सोही दफाको उपदफा (३) बमोजिम बहुवर्षीय आयोजना छनोट समिति समक्ष सम्वत् २०८२ फागुन पन्ध्र गते भित्र प्रस्ताव पेश गर्नुपर्नेछ। सो समितिको सिफारिसका आधारमा आर्थिक मामिला मन्त्रालयबाट स्रोत सुनिश्चितता भएका आयोजनाहरू बैशाख मसान्त भित्र ठेक्का सम्झौता सम्पन्न गरी सोको जानकारी आर्थिक मामिला मन्त्रालयलाई दिनु पर्नेछ। उक्त समयावधि भित्र ठेक्का सम्झौता नभएमा स्रोत सहमति स्वतः रद्द हुने भएकोले सो बमोजिम गर्नु, गराउनु पर्नेछ।

नि. प्रदेश सचिव

पत्र संख्या :
चलानी नं.:

(ङ) आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा

३५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १८ उपदफा (३), बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ३ बमोजिम वार्षिक कार्ययोजनाका साथै बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८० को दफा ३२ उपदफा (३) बमोजिमको समयसारिणी तयार गरी कार्यान्वयन गर्नु पर्ने।

३६. आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा वा संशोधन गर्नुपर्ने भएमा भदौ १५ गतेभित्र सम्पन्न गर्ने। आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति र संरचना सहितको व्यवस्था मिलाउने।

३७. आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन हुन नसक्ने र अन्य कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि रकम अपुग भई रकमान्तर गर्नुपर्ने भएमा त्यस्तो बेहोराको कारण सहित आर्थिक मामिला मन्त्रालयमा लेखी पठाउनु पर्ने।

३८. सालबसाली आयोजना तथा कार्यक्रमको ठेक्का सम्झौता गर्दा सम्वत् २०८२ असार १५ गते भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गर्ने व्यवस्था मिलाई आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३० बमोजिम भुक्तानीको व्यवस्था गर्नु गराउनु पर्ने।

३९. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यस अघि अर्थ मन्त्रालयबाट स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८२ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।

४०. आयोजना कार्यान्वयन गर्दा समयमा नै निर्णय नगरेका कारण लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउने।

४१. त्रुटिपूर्ण डिजाइन र स्पेशिफिकेशन तयार गरी अस्वभाविक दायित्व सिर्जना गर्ने व्यक्तिलाई कानून बमोजिम जवाफदेही बनाउने।

प्रदेश सचिव

पत्र संख्या :
चलानी नं.:

४२. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका आयोजन/कार्यक्रम कार्यान्वयन नगर्ने/नगराउने। त्यस्ता आयोजन/कार्यक्रमका लागि बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग नगर्ने। त्यस्ता आयोजन/कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मवार हुनुपर्ने।

४३. निर्माणस्थलको व्यवस्थापन, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चिता, जग्गा प्राप्ति र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति लगायतका आयोजना पूर्व तयारीका कार्यहरु पुरा गरेर मात्र खरिद प्रक्रिया सुरु गर्ने गराउने।

४४. तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमा भित्र निर्माण कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य शुरु नगर्ने, कार्य योजना अनुरुप काम नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी निर्माण व्यवसायीसँगको ठेक्मा सम्झौता रद्ध गर्ने व्यवस्था मिलाउने।

४५. आयोजनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउन मासिक प्रगति विवरण तालुक निकायमा पेश गर्ने र अनुगमन गर्ने व्यवस्थाका साथै ठेक्का मुल्यांकनमा कार्य सम्पन्न गर्ने समयलाई समेत सूचकको रुपमा रहने व्यवस्था मिलाउने।

आर्थिक वर्ष २०८२/८३ को बजेट सम्बद्ध प्रकाशन आर्थिक मामिला मन्त्रालयको वेबसाईट https://mof.gandaki.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

डिल्लीराम रिज्याल
निमित्त प्रदेश सचिव
नि. प्रदेश सचिव

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठ्माण्डौ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठ्माण्डौ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश।